प्रदेश सरकार
कृषि मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
प्रदेश नं. १

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

ओखलढुंगा

( कार्यक्षेत्र : ओखलढुंगा र सोलुखुम्बु )

## प्रस्ताव आह्वान सम्वन्धि सूचना

सूचना नं. ३-२०७९/०८०

**प्रथम पटक प्रकाशित मिति: २०७९/०४/३१**

**प्रस्ताव दर्ता गर्ने अन्तिम मिति: २०७९/०५/२९ गते**

यस कार्यालयको आ.व. २०७९/०८० को बार्षिक लक्ष्य अनुसार देहाय बमोजिमको कार्यक्रम कार्यान्वयनको लागि कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली, २०७८ तथा प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान मापदण्ड, २०७८ मा तोकिए बमोजिमको शर्तहरू पालना गर्ने गरि **ओखलढुंगा जिल्लाका** लागत सांझेदारी गर्न इच्छुक आवेदकहरूलाई यो सूचना प्रकाशन भएको मितिले ३० औ दिन (अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट) कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू छनौट कार्यमा समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।थप जानकारीको लागी यस कार्यालयको फोन नम्वर ०३७-५२०२१० र मोवाईल नं. ९८४२६४९०३८ मा सम्पर्क गर्नुहुन वा कृषि मन्त्रालय र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको वेवसाईट **www.molmac.p1.gov.np** र **www.dolfd.p1.gov.np** वाट प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन २०७७ र नियमावली तथा मापदण्ड २०७८ डाउनलोड गरि जानकारी लिन सक्नु हुनेछ ।

कार्यक्रमहरू :

| सि.नं. | कार्यक्रमको नाम | इकाई | परिमाण | अधिकतम सांझेदारी रकम | प्रस्ताव पेश गर्न सकिने सांझेदार निकायहरु | कृषि व्यवसाय प्रवर्द्धन अनुदान मापदण्ड २०७८ संग सम्बन्धित वुदाहरू |
|---|---|---|---|---|---|---|
| १. | द्वन्दपिडित पशुपन्छी पालन कार्यक्रम । | संख्या | ७ | कुल लागतको ७५ प्रतिशत वा वढिमा ३ लाख | नेपाल सरकारवाट द्वन्दपिडितको प्रमाण-पत्र उपलव्ध गराईएको व्यक्ति वा एकाघर परिवारको सदस्य | परिच्छेद- ३ को वुदा नं. ६.१ संग मिल्ने गरि |
| २. | युवा लक्षित पशु विकास कार्यक्रम । | संख्या | १० | कुल लागतको ७५ प्रतिशत वा वढिमा २ लाख प्रति इकाई | पशुपन्छी पालन फर्म, कम्पनी, उद्यमी व्यवसायी युवा युवतीहरू | परिच्छेद- ३ को वुदा नं. ६.१ अनुसार |
| ३. | च्याफकटर वितरण (मोटर सहित ) | संख्या | ५ | कुल लागतको ७५ प्रतिशत वा वढिमा ३० हजार प्रति इकाई | पशु पालनमा आवद्ध फार्म, कम्पनी निजि उद्यमी व्यवसायीहरु | परिच्छेद- ३ को वुदा नं. ३.४ अनुसार |
| ४. | निजि पाराभेट/पशु चिकित्सक लाई कृत्रिम गर्भाधान र पशु उपचारको लागि उपकरण खरिदमा सहयोग । | संख्या | ४ | कुल लागतको ७५ प्रतिशत वा वढिमा १ लाख, ५० हजार प्रति इकाई | ग्रामिण क्षेत्रमा कम्तिमा २ वर्ष देखि अभिछिन्न सेवा गरि रहेको निजि पाराभेट/ निजि पशु चिकित्सकहरु | परिच्छेद- ३ को वुदा नं. ७.२ अनुसार |
| ५. | कृषि/पशु सहकारी संस्थाहरू संगको सहकार्यमा व्यवसायिक पशु पालन कार्यक्रम । | संख्या | १ | पशु जन्य उत्पादन तथा पशु जन्य पदार्थहरूको लागि ढुवानी साधन खरिदमा ५० प्रतिशत र अन्यमा कुल लागतको ७५ प्रतिशत वा वढिमा ३५ लाख प्रति इकाई | कृषि/पशु पालनमा आवद्ध सहकारी संस्थाहरू | परिच्छेद- ३ को वुदा नं. ६.२ अनुसार |
| ६. | वाखाको बृहत्तर पकेट प्याकेज कार्यक्रम । | संख्या | १ | कुल लागतको ७५ प्रतिशत वा वढिमा ३५ लाख | कृषि/पशु पालनमा आवद्ध सहकारी संघ/सस्था, वाखा पालन व्यवसायिक संघ/सस्था, र कृषक समूह समितिहरू | परिच्छेद- ३ को वुदा नं. ६.७ अनुसार |

नि. कार्यालय प्रमुख